# बेलकोटगढी नगरपालिका (आर्थिक विकास शाखा-कृषि) नुवाकोटको कृषकलाई सलह किरा व्यवस्थापन सम्बन्धि सूचना ।

मिति २०७७/०३/१३ गते देखि नेपालमा प्रवेश गरेको सलह किरा यस नगरपालिकाको वडा न. ५ कोल्पुटार क्षेत्रमा समेत (मिति २०७७/०३/१५ गते) फाट रुपमा मकै र धान बालीमा देखा परेकोले आत्तिहाल्ने अबस्था नभएकाले तपशिल बमोजिम पूर्व सावधानी अप्नाउन कृषकहरुलाई अनुरोध गरिन्छ ।

<u>तपसील</u>

१. हुललाई तितरबितर पार्ने। (क).आगो बाल्ने (ख).धुवाँ गराउने (ग).हावाको बहाव परिबर्तन ।

२. प्राकृतिक शिकारी किराको प्रयोग गर्ने : (क). हाँस (ख). माकुरा (ग). छेपारो ।

३.ठुलो ध्वनीको प्रयोग गर्ने : थाल ठटाउने, ड्रम बजाउने, स्पीकर बजाउने आदि ।

४.प्रजजन गर्ने ठाउँ नष्ट गर्ने ।

५. सम्भव भएसम्म झुल र जालीको प्रयोग गर्ने ।

६. किटनाशक बिषादी को प्रयोग गर्ने ।

निम्न तालिका बमोजिमका बिषादीहरु मध्ये कुनै एक लाई स्प्रेयरबाट मिहिन थोपा प्रवाह गर्न सक्ने अटोभाईजर प्रयोग गरी बिहान सुर्योदय पश्चात (१ देखि २ घण्टा भित्र) किरा बसेको समयमा छर्नु पर्दछ ।

| बिषादी को सामान्य नाम | खास बिष/हेक्टर | बिषादी/लिटर पानी | बिषादी/हेक्टर | तयारी झोल/हेक्टर |
|---|---|---|---|---|
| मालाथियन ५०% ई.सि | १२५ ग्राम | ३ मि.ली | १८५० मि.ली | ६०० लिटर |
| ल्याम्डा साईहेलोथ्रिन ५% ई.सि | २० ग्राम | ०.७० मि.ली | ४०० मि.ली | ६०० लिटर |
| क्लोरपाईरिफोस २०% ई.सि | २२५ ग्राम | १.८८ मि.ली | ११२५ मि.ली | ६०० लिटर |
| डेल्टामेथ्रिन २.८% ई.सि | १२.५ ग्राम | ०.७५ मि.ली | ४५० मि.ली | ६०० लिटर |
| डेल्टामेथिन ११% ई.सि | १२.५ ग्राम | ०.२० मि.ली | १२० मि.ली | ६०० लिटर |

**सन्दर्भ : प्लान्ट क्वारिनटिन तथा बिषादी व्यवस्थापन केन्द्र, हरिहरभवन ललितपुर** <u>मिति २०७७।०३।१५</u>

CS Scanned with CamScanner